TARGET

Keep Antibiotics Working

# प्राय भइरहने सङ्क्रमणहरूको देखभाल कसरी गर्न सकिन्छ?

## 16 वर्ष वा धेरै उमेरको वयस्कहरूका लागि पर्चा

## 1.प्राय भइरहने सङ्क्रमणको लक्षणहरू के के हुन्?

**A आँखा**
- आँखा पाक्ने

**C छाती**
- खोकी
- सास फेर्दा स्वाँस्वाँ हुने
- हरियो वा पहेँलो कफ

**E छाला**
- सङ्क्रमित फोका
- कुनै घाउ वरिपरि रातो हुने वा सुन्निने
- एथलेट्स फूट (खुट्टाको औंलाको कापमा चिलाउने दाद)




**B कान, नाक तथा घाँटी**
- दुखाइ वा घाउ
- नाकबाट पानी बग्ने
- टन्सिल बढ्ने

**D आन्द्रा**
- वान्ता
- पखाला

**F जननेन्द्रिय तथा मूत्र**
- पिसाब गर्दा दुख्ने
- राति सामान्य भन्दा धेरै पटक पिसाब गर्ने
- पिसाब धमिलो हुने
- स्राव
- तल्लो पेट दुख्ने

## 2.मलाई कोरोनाभाइरस (Covid-19) भएको शङ्का लाग्यो भने के गर्नु?

यदि आफूलाई COVID-19 भएको शङ्का लागेको छ भने कृपया http://**www.gov.uk/coronavirus** वा http://**www.nhs.uk** मा गएर अद्यावधिक मार्गदर्शन र जानकारी प्राप्त गर्नुहोस्।

TARGET को सञ्चालन UK स्वास्थ्य सुरक्षा निकायद्वारा गरिन्छ।
पेसेवर चिकित्सकीय संस्थानहरूसँग मिलेर तयार गरिएको।

संस्करण 1.1: नोभेम्बर 2020
पुनरावलोकन: नोभेम्बर 2023

## 3.मैले प्राय भइरहने सङ्क्रमणको उपचार कसरी गर्न सक्छु?

**तपाईंलाई राम्रो नहुन्जेल सम्म** पर्याप्त विश्राम गर्नुहोस्।

**आवश्यक परेमा दुखाइ कम गर्ने औषधि लिनुहोस्**
(निर्देशनहरूको पालन गर्न नभुल्नुहोला)।

नियमित रूपमा हल्का पहेँलो-रङ्गको पिसाब आउने गरि
**पर्याप्त मात्रामा तरल पिउनुहोस्** (6 देखि 8 ड्रिङ्क, वा 2 लिटर)।




**खोकी लाग्दा,** मह तथा खोकीको औषधिहरूको प्रयोग गरेर हेर्नुहोस्।।
**घाँटी दुख्दा,** औषधियुक्त लजेन्ज तथा दुखाइ कम गर्ने औषधि प्रयोग गरेर हेर्नुहोस्।

**आँखा सङ्क्रमण** मा सफा हल्का गरम वा चिसोले भिजाको मुलायम कपडाको प्रयोग गर्दा अलिक सन्चो हुन्छ।

**बाहिरी कानको सङ्क्रमणमा,** स्थानीय रूपमा ताप दिनुहोस्
(जस्तै हल्का गरम मुलायम कपडाले सेक्ने)।

## 4. मेरो सङ्क्रमण कति लामो समय सम्म रहन सक्छ?

| खोकी | घाँटी दुख्ने वा कान दुख्ने | सर्दी | नोरोभाइरस (विन्टर भमिटिङ) | पिनासको सङ्क्रमण |
|---|---|---|---|---|
| 21 दिन | 7 देखि 8 दिन | 14 दिन | 2 देखि 3 दिन | 14 देखि 21 दिन |

**तपाईंको जेनरल प्याक्टिश्नरलाई सम्पर्क गर्नुहोस्** यदि तपाईंको लक्षणहरू झन खराब हुँदैछ भने वा माथिको समय भित्र पनि तपाईंलाई निको भएन भने।

प्राय भइरहने सङ्क्रमणहरूमा **स्व देखभालका सुझावहरू** का लागि **www.nhs.uk** मा जानुहोस्।

## 5. के मेरो सङ्क्रमणलाई निको हुन एन्टिबायोटिक आवश्यक हुन्छ?

- प्राय भइरहने सङ्क्रमणहरूमा तपाईंको **शरीरले प्राय आफैं सङ्क्रमणलाई हराएर निको पार्न सक्छ।**
- ब्याक्टेरियाद्वारा सङ्क्रमण (जस्तै कुनै पिसाब सङ्क्रमण) को लक्षणहरू गम्भीर नभएसम्म प्राय तपाईंलाई एन्टिबायोटिकको आवश्यकता पर्दैन – यसबारे कुनै स्वास्थ्यसेवा कर्मचारीले तपाईंलाई सुझाव दिन सक्छन्।
- आफूलाई नचाहिएको बेला पनि एन्टिबायोटिक सेवन गर्दा तपाईं तथा तपाईंको परिवार जोखिममा पर्नुहुन्छ।
- **एन्टिबायोटिकबारे स्वास्थ्यसेवा कर्मचारीको सुझाव** को पालन गर्नुहोस्।



एन्टिबायोटिकबारे थप जानकारी **www.antibioticguardian.com** बाट पाउनुहोस्।

## 6. मैले मेरो सङ्क्रमण फैलिनबाट कसरी रोक्नु?

**यदि तपाईंलाई खोकी लागेमा वा हाछिउँ आएमा:**

**क्याच इट (समाउनु)**



टिस्यु पेपरले (वा तपाईंको भित्रि कुहिनोले)

**बिन इट (रद्दीमा हाल्नु)**



प्रयोग भएको टिस्यु पेपरहरू फ्याँकेर

**किल इट (मार्नु)**



तपाईंको हात सफा गरेर

**हात धुनुहोस्** साबुन पानीले कमसेकम 20 सेकेन्ड सम्म वा ह्यान्ड स्यानिटाइजरले:

- ✓ खाना बनाउनु वा खानु भन्दा पहिला
- ✓ शौचालय गएपछि
- ✓ पाल्तु वा अन्य पसु छोएपछि
- ✓ घरबाट बाहिर जाँदा वा घर आएपछि



**फोहर हातले** तपाईंको आँखा, नाक वा मुखमा छुने नगर्नुहोस्।

यदि सम्भव भएमा, **अरुसँग दूरी बनाउनुहोस्** (2 मिटर वा 6 फिट), खास गरि तपाईंको घरको जोखिममा परेका मानिसहरूसँग।



तपाईंको मुखमा छुने वस्तुहरू, जस्तै खाने भाँडा तथा टुथब्रसहरू **अरुसँग साझा नगर्नुहोस्।**



आफू तथा आफ्नो परिवार **ले सम्पूर्ण आवश्यक खोपहरू लगाइराख्नुहोस्। तपाईं योग्य हुनुहुन्छ भने** सदा जाडो बेलाको खोपहरू (जस्तै फ्लू) लगाउनुहोस्

प्राय भइरहने सङ्क्रमणहरूबारे **थप सुझावका लागि कुनै औषधि विक्रेता** कहाँ जानुहोस् वा कल गर्नुहोस्

## 7. मैले गम्भीर रोगको कुन कुन लक्षणहरूको ध्यान राखुँ?

**गम्भीर** टाउको दुख्ने तथा वान्ता

लगातार **ज्वरो आउने वा जाडो लाग्ने** (तापमान 38°C भन्दा माथि वा 36°C भन्दा कम)

**निल्न** गाह्रो हुने
मुख वरिपरि **नीलो हुने**

खोक्दा **रगत** आउने

**सास फेर्दा** सामान्य भन्दा चाँडो वा ढिलो हुने

तपाईंको ढाढमा करङ कै मुन्तिर **मृगौला दुख्ने**

**छाती दुख्ने वा कसिलो महसुस हुने**

**नाडीको गति अत्यन्त चाँडो वा ढिलो हुने नयाँ समस्या**

पिसाबमा **रगत** देखिने

पिसाब गर्दा **साह्रो दुख्ने** , वा राति धेरै पिसाब गर्ने

तरल पिउँदा पनि 1 देखि 2 दिनमा ठीक नहुने **धमिलो पिसाब**

**यदि तपाईंलाई उपरोक्त लक्षणहरू छन् भने, तुरुन्तै तपाईंको जेनरल प्र्याक्टिश्नरलाई सम्पर्क गर्नुहोस् वा तपाईंको क्षेत्रका लागि निम्न अनुसार सेवाको उपयोग गर्नुहोस्।**

| NHS इङ्गल्याण्ड | NHS डिरेक्ट वेल्स | NHS स्कटल्याण्ड | नोर्दन आयरल्याण्ड |
|---|---|---|---|
| CALL 111 | NHS Direct Wales 0845 46 47 Galw IECHYD Cymru | NHS 24 CALL 111 | HSC Public Health Agency Project supported by the PHA |
| 999 भन्दा कम जरुरी भएको स्थितिमा | | | |
| www.111.nhs.uk | www.111.wales.nhs.uk | www.nhs24.scot | तपाईंको जेनरल प्र्याक्टिश्नर प्र्याक्टिसमा सम्पर्क गर्नुहोस् |

तपाईंलाई आवश्यक भएमा उक्त सेवाहरूमा गोपनीय दोभाषे सेवा पनि उपलब्ध हुन सक्छ।

## 8. मलाई सेप्सिस भएको शङ्का लागेमा के गर्नु?

सेप्सिस भनेको सङ्क्रमणसँग हुने प्राणघातक प्रतिक्रिया हो। यसको सम्भावित चिन्हहरू:

- बोलि लरबराउने, भ्रमित हुने वा झुल्ने अवस्था
- अत्याधिक कम्पन
- दिन भरि पिसाब नआउने
- गम्भीर रूपमा सास फुल्ने समस्या
- तपाईंलाई आफू मर्छु होला जस्तो लाग्छ, तथा
- छालामा धब्बा देखिने वा रङ्ग उड्ने।

**यदि तपाईंलाई वा अन्य कसैलाई सेप्सिसको चिन्ह देखिएमा तुरुन्तै 999 मा कल गर्नुहोस्**